छेडागाड नगरपालिका जाजरकोट

# छेडागाड नगरपालिका बाल संरक्षण नीति २०७६

**नगर कार्यपालिकावाट पारित मिति : २०७६।०३।०८**

**१.पृष्ठभुमि** : बालअधिकार तथा बालबालिकासंग सम्बन्धित अन्तराष्ट्रिय तथा राष्ट्रिय ऐन , कानुन , नीतिनियम, निर्देशिका तथा रणनीतिका आधारमा हालसम्म स्थानिय स्तरमा बालअधिकार संरक्षणका लागि बिभिन्न कार्यहरु तथा प्रयासहरु हुदैआइरहेको अवस्था थियो । बालअधिकार संरक्षण तथा बाल संरक्षणका लागि धेरथोर प्रयासहरु निरन्तर भईरहेका छन् । नेपालको संविधान २०७२ ले पनि बालअधिकार लाई मौलिक अधिकारका रुपमा स्थापित गरिसकेको र बालबालिका सम्बन्धि ऐन २०७५ पनि जारी भईसकेकोछ । देशले संघिय राज्य व्यवस्थालाई अबलम्बन गर्दै स्थानिय तहलाई शक्तिवान बनाईदिएको छ । स्थानिय, प्रादेशिक तथा संघिय सरकारहरु स्थापना भईसकेका छन् ।

स्थानिय समस्या तथा सवालहरुलाई सहि ढंगले पहिचान गर्ने र उचित सम्बोधन गर्ने जीम्मेवारी अब स्थायिन सरकारहरुलाई आएको छ । यस्तो राजनीतिक तथा राज्य व्यवस्था संचालन प्रकृति तथा प्रक्रियामा आमुल परिवर्तन भएसंगै यस छेडागाड नगरपालिका भित्र रहेका सम्पुर्ण बालबालिकाहरुको हकहितको संरक्षण गर्नु यस नगरपालिकाको पहिलो जीम्मेवारी हुनेछ । विभिन्न खाले अपांगता भएका , आमा बुवा दुबै वा दुईमध्ये कुनै एक गुमाएका , संरक्षक विहिन , श्रमिकको रुपमा रहेका बालबालिका ( अरुको घरमा , होटल तथा रेष्टुरामा , विभिन्न पसलहरुमा , उधोगहरुमा , घर तथा बाटो निर्माणमा , यातायातका साधनहरुमा र अन्य व्यवसायमा श्रमिकको रुपमा संलग्न बालबालिका ) को रुपमा रहेका , बेचविखन तथा ओसारपसारमा परेका वा बेचविखन तथा ओसारपसारमा पर्ने जोखिममा रहेका बालबालिका , विद्यालय बाहिर रहेका , हेला⁄ भेदभाव⁄ वेवास्ता र अन्य शारिरिक , मानसिक तथा यौनजन्य र्दुव्यवहारको कारण जोखिममा रहेका , बाल विवाह भएको कारण वा बाल विवाह हुनसक्ने जोखिममा रहेका , आफ्ना आमाबाबु वा संरक्षकहरु नै दीर्घरोगी भएकाले वा मानसिक रोगी भएकाले वा अपांग भएकाले जोखिममा रहेका बालबालिकाहरुका लगायत अन्य कारणले जोखिममा रहेका बालबालिकाहरुको संरक्षणको अधिकार सुनिश्चित गर्न आवश्यक देखिएकोछ । यसै क्रममा आर्थिक वर्ष २०७५ ⁄ ७६ (सन् २०१८ मार्च ) फाल्गुन महिनामा यस नगरपालिकाले सम्पन्न गरेको सर्वेक्षण (सामाजिक सुरक्षा, बाल गरिबी तथा जोखिमता सम्बन्धित घरधुरी सर्वेक्षण ) प्रतिवेदनले ५८०१ जम्मा घरघुरी र ३५४९९ जम्मा जनसंख्या रहेको र त्यसमध्ये १८५५१ बालबालिकाको संख्या रहेको छ । उक्त प्रतिवेदनले ११९७ बालबालिका अभिभावक विहिन भएको ,३२० जना बालबालिका आफ्नो गाउघर भित्रै र आफ्नो गाउघर बाहिर रहेर आफु र आफ्नो परिवारका लागि विभिन्न श्रममा संलग्न रहेको , १६१५ र १७४ जना बालबालिका क्रमश घरायसी कामकाजका लागि विद्यालयमा अनियमित हुने गरेको र विद्यालय नै छाडेर बसेको तितो अवस्था औल्याएकोछ । यसैगरि , विभिन्न किसिमका अपांगता भएका बालबालिकाको संख्या पनि उत्तिकै छ । यस नगरपालिकाले आयोजना गरेको अपांगता पहिचान तथा परिचय पत्र वितरण सिविर २०७५ बाट मात्रै २१४ जना बालबालिकाहरुले विभिन्न प्रकारको अपांगता परिचय पत्र प्राप्त गरेको र आजका दिन सम्म ३३ जना बालबालिकासंग पुर्ण अपांगता (रातो परिचय पत्र) , ६२ जना बालबालिकासंग आंशिक अपांगता रहेको (निलो परिचय पत्र) र उनिहरु विद्यालयको ढोका सम्म पुग्न नसकिरहेको यथार्थ अवस्था हो । बाल विवाहको अवस्था कस्तो भन्ने एकिन तथ्याकं नभएतापनि १८ वर्ष नपुग्दै विवाह गर्ने , २० वर्ष नपुग्दै बच्चा नै अभिभावक बन्नेहरुको संख्या अलि धेरै नै छ भन्न सकिन्छ ।

माथि उल्लेख गरिएका विभिन्न कारण र परिस्थितिले जोखिममा रहेका बालबालिकाहरुलाई आवश्यक सुरक्षा तथा संरक्षण प्रत्याभुत गराउदै उनिहरुको सुनौलो भविष्य निमार्ण गर्न यस नगरपालिकाले हर कोशिस गर्दै आएको छ । र नगरपालिकाको यस्तो प्रयासलाई नीतिगत रुपले व्यवस्थित गर्नका लागि यो बालसंरक्षण निति निमार्ण गर्न  लागिएको हो । र बाल संरक्षणसंग सम्बन्धित विद्यमान सवालहरुलाई नीतिगत ढंगले नै क्रमश सम्बोधन गर्दै लैजानुपर्ने नितान्त आवश्यकता देखिएको छ । तर्सथ  नगर कार्यपालिकाका सम्पुर्ण  सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरु बालबालिका उपर हुन सक्ने विभिन्न खाले हिंसा , दुर्व्यवहार, वेवास्ता र शोषण तथा संभावित जोखिमहरुबारेमा चनाखो हुनु, त्यसको तथ्यांक राख्नु , त्यस्ता संभावित जोखिमहरुका बारेमा सम्पुर्ण नगरवासीलाई सचेत र सजग गराउनु , बालबालिका उपर यस्ता हिंसा, दुर्व्यवहार, वेवास्ता तथा शोषणका घटना भईहालेमा त्यस बारेमा सम्बन्धितलाई प्रतिवेदन गर्नु र त्यसरी प्रतिवेदन भएका घटनाहरुलाई सम्बन्धित व्यक्ति/कार्यालय/संस्था/एकाई बाट अविलम्ब सम्बोधन हुनुपर्ने देखिन्छ । बालबालिका उपर यस्ता घटना हुनै नदिन तथा कथमकदाचित भईहालेमा त्यस्ता घटनाको उजुरी गर्न (मौखिक वा लिखित) , त्यस्ता उजुरी उपर सुनुवाई गर्न र उचित सम्बोधन गर्नका लागि यस बाल संरक्षण नीतिको आवश्यकता परेको हो । र यस नीतिले उजुरी गर्ने र उजुरी उपर सुनुवाई गर्ने एक प्रभावकारी संयन्त्रको निमार्ण गर्नका लागि पनि मार्गनिर्देश गर्नेछ ।

नगर कार्यपालिकाका सम्पुर्ण  सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुले आफ्नो सार्वजनिक पद वा पदिय शक्तिको दुरुपयोग गरेर बालबालिका उपर यस्ता खालका हिंसा, भेदभाव, वेवास्था, दुर्व्यवहार तथा शोषण गर्न सक्ने वा त्यस्ता घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले संलग्न हुनसक्ने संभावना जहिलेपनि ज‘‘हापनि रहन्छ भन्ने मान्यता यस नीतिले अवलम्बन गरेको छ । त्यसैले, कुनैपनि बालबालिकाउपर गरिने वा हुन सक्ने यस्ता संभावित घटनाहरुबारेमा आम नगरबासीहरुलाई , सबै जनप्रतिनिधिहरुलाई सबै कर्मचारीहरुलाई , नगर कार्यपालिकाकाका सबै सदस्यहरुलाई र सबै सरोकारवालाहरुलाई सचेत र सजग गराउने , संभावित जोखिमहरुबाट सबै बालबालिकालाई संरक्षण गर्नका लागि विभिन्न वैकिल्पक तथा विशेष कृयाकलाप/कार्यक्रम संचालन गर्ने , घटना भईहालेमा उजुरी गर्ने र उक्त उजरी उपर सुनुवाई गर्दै उचित ढंगले सम्बोधन गर्ने कुरा र अभिभावकत्व विहिन बालबालिका, पुर्ण अपांगता तथा आंशिक अपांगता रहेका बालबालबालिका र विभिन्न कारणहरुका बाबजुद आफै घरमुलीको रुपमा रहि आफ्नो परिवार प्रति जीम्मेवारी सम्हाली रहेका बालबालिकाका लागि विशेष रणनीति तथा

कार्यक्रमहरु निमार्ण गरि उनिहरुको संरक्षण लगायत आधारभुत अधिकारको सुनिश्चित गर्ने कुरा नै यस नीतिको मुख्य सिद्धान्त रहनेछ ।

यस नगरको नगर कार्यपालिकाका सम्पुर्ण  सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुले यो नीति अनिवार्य पालना गर्नुपर्नेछ । नगरकार्यपालिका बाट पारित भईसकेपछि तुरुन्त यो नीति लागू हुनेछ र अनिवार्य पालन गर्नुपर्नेछ । बाल संरक्षणका लागि बनाईएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन , नीति, रणनीति तथा नेपाल सरकार द्वारा गरिएका प्रतिवद्धताहरु पुरा गर्नका लागि यस बालसंरक्षण नीतिले सकरात्मक सहयोग पुराउनेछ ।

## २. नीतिको परिचय :

२.१.कर्णाली प्रदेशको जाजरकोट जिल्लास्थित यस छेडागाड नगरपालिकाले बालअधिकारको संरक्षण एवं प्रर्वद्धन गर्दै एक बालकलाई पुर्ण मानवका रुपमा हेर्ने दृष्ट्रिकोण स्थापित गर्ने उद्देश्यका साथ यो बाल संरक्षण नीति २०७६ निर्माण गरी जारी गरेको छ । यस नगरपालिकाको क्षेत्राधिकारभित्र लागू हुने यो बाल संरक्षण नीति नगर परिषदबाट पारित भएको मितिदेखि तुरुन्तै लागू हुनेछ । यो नीति यस छेडागाड नगरपालिकाको नगर कार्यपालिकाका सम्पुर्ण  सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुमा लागू हुनेछ । नेपाल सरकारले बालबालिकाको हक अधिकारलाई संरक्षण गर्नका लागि अन्तर्राष्ट्रियस्तरमा स्वीकार गरेका सबै सन्धि /महासन्धिहरूको मर्म तथा नेपालको संविधान २०७२ बालबालिका सम्बन्धी ऐन २०७५, बालश्रम निषेध तथा नियमित गर्ने ऐन २०५६ , राष्ट्रिय बाल नीति २०६९ लगायतका कानुन तथा नीतिको भावमा आधारित भई यो बाल संरक्षण नीति निर्माण गरिएको छ ।

## ३. बालबालिकाको परिभाषा :

३.१ . बालबालिका भन्नाले १८ वर्ष मुनिका सबै व्यक्तिलाई सम्झिनु पर्दछ ।

## ४ उदेश्य :

४.१. बालबालिकाहरुको मन,मस्तिष्क,शरिर,भावना,विकास र सहभागिता प्रतिकूल हुने हेला/अपहेलना, विभेद, दुर्व्यवहार, वेवास्ता हिंसा, बञ्चितीकरण, शोषण लगायत उनिहरुलाई हानि पुर्‍याउने सबै किसिमका बोली,व्यवहार, सामाजिक मुल्य तथा मान्यता , कुसंस्कार , चालचलन , सामाजिक अभ्यासहरुबाट संरक्षण गर्ने ।

४.२ यस नगरपालिका भित्र सञ्चालन गरिने सबै किसिमका कार्यक्रम तथा कृयाकलापहरुले कुनैपनि बालक वा बालिकालाई नकरात्मक असर पुचाएकोछैन र पुचाउनेछैन र यस नगरपालिकाले निमार्ण गरेका सबै नीति , योजना , कार्ययोजना , कार्यक्रम बाल संवेदनशिल छन भन्ने कुरा सुनिश्चित गर्ने ।

४.३ यस छेडागाड नगरपालिकाको नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुलाई सबै बालबालिकाहरुको संरक्षणका लागि मार्ग निर्देश गर्ने ।

४.४ आमा बाबु दुबै वा दुई मध्ये एक गुमाएका, संरक्षक विहिन , आफै घरमुलीको रुपमा जीम्मेवारी सम्हाली रहेका बालबालिका, आफ्नो तथा परिवारका सदस्यहरुको पालनपोषणको लागि विभिन्न श्रममा संलग्न बालबालिका, पुर्ण तथा आशिंक अपांगता भएका बालबालिका, कानुनसंग बाझिएका वा बाल बिज्याईमा परेका बालबालिका , लागुऔषध तथा मानव बेचविखनबाट प्रभावित बालबालिकाहरुका लागि विशेष,रणनैतिक तथा एकिकृत कार्यक्रम बनाई कार्यान्वयन गर्न मार्ग निर्देश गर्ने ।

४.५ बाल संरक्षण लगायत बाल अधिकारको प्रर्वद्धनका लागि सरोकार राख्ने सबै सरकारी तथा गैरसरकारी संस्थाहरुसंग आवश्यक समन्वय तथा सहकार्य गर्न मार्गनिर्देश गर्ने । यसरी सहकार्य गर्ने सबै संघसंस्थाहरुले यस नीतिमा आधारित भई काम गरेको गराएको सुनिश्चित गर्ने ।

४.६ वेवास्ता , भेदभाव , दुर्व्यवहार र शोषणजन्य कृयाकलापहरु र त्यसका कारण निम्तिने समस्याहरु र त्यस्ता दुर्व्यवहार बाट बच्न र बचाउन सकिने उपायहरुका बारेमा सबै बालबालिका र अभिभावकहरुलाई सचेत गराउने ।

४.७ परिवार तथा नातागोतामा आधारित हेरचाह प्रणालीलाई अबलम्बन गर्दै विभिन्न कारणले जोखिम प्रभावित बालबालिकालाई पुर्नस्थापना गर्ने ।

४.८ नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुलाई बालबालिकाप्रति संवेदनशिल , जीम्मेवार र जवाफदेही बनाउने ।

४.९ अन्ततः यस छेडागाड नगरपालिकालाई सबै बालबालिकाहरुका लागि सुरक्षित र बालबालिकाहरु प्रति संवेदनशिल नगरपालिकाको रुपमा स्थापित गर्ने ।

**५. नीति कार्यान्वयनको क्षेत्र :** छेडागाड नगरपालिका भित्र रहेका सम्पुर्ण बालबालिकाहरुको अधिकारको संरक्षण र प्रर्बद्धन गर्ने मूख्य दायित्व स्थानिय सरकारको रुपमा यस नगरपालिकाको भएकाले यो नीतिले नगरपालिकासंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सर्म्पकमा आउने बालक वा बालिकाको संरक्षण तथा सुरक्षा सुनिश्चित गर्न यो नगरपालिका पूर्णरुपमा जीम्मेवार र जवाफदेही छ भनि व्याख्या गरेको छ ।

यस नीतिमा उल्लेख गरिएका सबै निर्देशनहरु छेडागाड नगरपालिकाको नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरु सबैलाई लागू हुनेछ ।

आफ्नो कार्यक्षेत्र वा सर्म्पक भन्दा बाहिरका बालबालिकाहरुका संरक्षणका सवाल पनि यो नीतिमा समावेश गरिएको छ । यस नीतिले बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण दिनका लागि उचित व्यवहारको प्रदर्शन र आचारसंहिताको पालनाका सम्बन्धमा पनि निर्देशन दिएको छ । त्यसैले छेडागाड नगरपालिकासंग सम्बन्धित जोकसैलाई पनि यो नीति अनिवार्य लागू हुनेछ र कार्यान्वयनमा ल्याए नल्याएको अनुगमन गरिने छ ।

## ६. बाल संरक्षण नीतिको आवश्यकता

बालबालिका वर्तमानका साझेदार तथा भविष्यका जीम्मेवार नागरिक हुन् । नगरपालिकाको सम्वृद्धि बालबालिकाको जीवन र उनिहरुका लागि गरिएको लगानी सँग अभिन्न रूपमा गाँसिएको हुन्छ । यसैले छेडागाड नगरपालिकाले बालबालिकाको बचाऊ, विकास, संरक्षण र सहभागीताको अधिकारको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्दै आफूलाई बालमैत्री नगरपालिकाको रूपमा रूपान्तरण गर्ने प्रयास जारी राखेको छ । सिंगो नगरपालिकालाई बालमैत्री नगरको रूपमा रुपान्तरण गर्नका लागि तय गरिएका विभिन्न सूचकहरूमध्ये एउटा महत्वपूर्ण सूचक बाल संरक्षणसंग सम्बन्धित सवालहरूको उचित सम्बोधन तथा व्यवस्थापन हो । यसका लागि नगरपालिका क्षेत्रभित्र बालबालिकाविरुद्ध हुने सबै हानीकारक बानी, व्यवहार सामाजिक मुल्य मान्यत, संस्कार, प्रथा, प्रचलनहरु ,सामाजिक अभ्यासहरु लगायत अन्य सवालहरु पहिचान गरि आवश्यक सम्बोधन तथा व्यवस्थापन गर्नका लागि यस बाल संरक्षण नीतिको आवश्यकता देखिन्छ । अर्को शब्दमा कुनै पनि बालक वा बालिकालाई यस्ता जोखिमा पर्न नदिन, जोखिममा परेका बालबालिकालाई तत्काल आवश्यक सहयोग तथा सेवाहरू प्रदान गर्न र बालअधिकार उल्लंघनका घटना उपर उचित र प्रक्रियावद्ध रूपमा सुनुवाई गरि आवश्यक व्यवस्थापन गर्नका लागि पनि यो नीति अति आवश्यक छ ।

## ६. बालसंरक्षणसम्बन्धी समस्या, चुनौती र अवसरहरू

### ६.१. समस्या

नेपालको संविधानले बालअधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । बालसंरक्षण र बालअधिकारको प्रवर्धन गर्ने उद्देश्यले कानुनहरू बनेका छन् । कानुन, नीति निर्देशिकाहरू लागू गर्नका लागि संरचनाहरू पनि निर्माण भएका छन् तर तिनीहरूको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकिरहेका छैनन् । यसरी बालबालिकाको संरक्षणको अधिकार व्यवहारिक रूपमा कार्यान्वयन हुन नसक्नुका पछि विभिन्न समस्याहरू विद्यमान छन् ।

१) बाल अधिकार तथा बाल संरक्षणका लागि बनाइएका कानुनहरूको प्रभावकारी कार्यान्वयन अभाव देखिनु ।

२) बालबालिकासँग सम्बन्धित कानुनी व्यवस्थामा समसामयिक सुधार गर्ने कुराले कम प्राथमिकता पाउनु ।

३) बाल संरक्षणको लागि स्पष्ट नीतिगत व्यवस्था नहुनु ।

४) स्थानिय तहमा कार्यगत प्रतिवद्धताको कमी देखिनु ।

५) बाल अधिकार र बाल संरक्षणका सवालहरूले सामाजिक विकास प्रक्रियामा प्राथमिकतामा नपाउनु ।

६) बाल अधिकार र बाल संरक्षणका मूलभूत सवालहरूमा नगरबासीहरुमा सचेतनाको कमी देखिनु ।

७) बाल संरक्षणका लागि स्थापना भएका संस्थागत संरचनाको क्षमता सशक्त हुन नसक्नु,

८) जोखिममा रहेका बालबालिकालाई आवश्यकतानुसार तुरुन्त सहयोग गर्ने संस्थागत संरचनाको अभाव र पर्याप्त आर्थिक स्रोतको व्यवस्था नहुनु,

९) बालसंरक्षणको सवालमा कार्य गर्ने स्थायिन , राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्था , नागरिक समाजबीच समन्वय र सहकार्यको कमी देखिनु ।

१०) योजना छनौट प्रक्रियामा बालबालिकाहरुको अर्थपुर्ण सहभागिता नदेखिनु र उनिहरुका आवाजहरुलाई योजनाको प्राथमिकतामा नसमेटिनु ।

### ६.२. चुनौतिहरु :

१) आमा बाबु दुबै वा दुई मध्ये एक गुमाएका, संरक्षक विहिन , आफै घरमुलीको रुपमा जीम्मेवारी सम्हाली रहेका बालबालिका, आफ्नो तथा परिवारका सदस्यहरुको पालनपोषणको लागि विभिन्न श्रममा संलग्न बालबालिका, पुर्ण तथा आशिंक अपांगता भएका बालबालिका, कानुनसंग बाझिएका वा बाल बिज्याईमा परेका बालबालिका , लागुऔषध तथा मानव बेचविखनबाट प्रभावित बालबालिकाहरुका लागि विशेष,रणनैतिक तथा एकिकृत कार्यक्रम बनाई कार्यान्वयन गर्नु ।

२) एउटा परिवार , समुदाय हुदै नगर सम्मका जीम्मेवार व्यक्ति तथा सरोकारवालाहरूलाई बाल संवेदनशील बनाई बाल अधिकारलाई आम सरोकारको विषय बनाउनु ।

३) बालअधिकार संरक्षण र प्रर्वद्धनका लागि अनुकूल कानुनको निमार्ण तथा प्रभावकारी कार्यान्वयन गर्नु ।

### ६.३. अवसरहरु

उल्लेखित समस्या र चुनौतीका बाबजुद बालअधिकार तथा बालसंरक्षणका लागि थुप्रै अवसरहरू पनि देखिएका छन् ।

१) नेपालको वर्तमान संविधानमा बाल संरक्षणको अधिकारलाई मौलिक अधिकारका रूपमा समावेश गरिनु ।

२) राष्ट्रियस्तरका राजनीतिक दलहरूको घोषणापत्रमा बालअधिकारको सवाल समावेश हुनु ।

३) बालबालिका सम्बन्धि आवश्यक स्थानिय कानुन, योजना, नीति निर्माण गर्ने अधिकार तथा दायित्य स्थानिय सरकारसंग हुनु ।

४) बाल अधिकार र बाल संरक्षणमा केन्द्रित कार्यक्रमहरु बिस्तार र नगरबासीहरुको चेतनाको स्तर बृद्धि हुदैजानु ।

५) बाल अधिकारको संरक्षण तथा प्रर्बद्धनका लागि स्थानिय सरकार , प्रदेश सरकार , संघिय सरकार र विकासका साझेदार तथा विभिन्न गैरसरकारी संघसंस्थाहरुको सक्रियता बढ्नु ।

६) बालबालिकाहरुका आफ्नै संगठन, समुह तथा संजालहरु सक्रिय हुँदै आउनु ।

## ७. बालसंरक्षण नीति कार्यान्वयनको रणनीति

यस बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्नका निमित्त निम्न रणनीतिहरु अवलम्बन गरिनेछन् :

७.१. **बालबालिका संग सम्बन्धित विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन** : बालबालिकासँग सम्बन्धित सबै कानुनहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ र यसो गर्न लगाइनेछ । बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लगायत अन्तर्राष्ट्रिय र सार्कस्तरीय महासन्धिको मापदण्डअनुसार कानुनको सुधार गर्न आवश्यक देखिएको खण्डमा प्रदेश तथा संघिय सरकारसंग छलफल गर्ने , आवश्यक पहल गरिनेछ ।

७.२.**बालबालिकाका सवाल तथा आवाजलाई मुलप्रवाहीकरण :** बाल अधिकार संरक्षण तथा प्रर्वद्धन संग सम्बन्धित सवालहरु तथा बालबालिकालिकाहरुका आवाजहरुलाई यस नगरपालिकाको योजनाको मुलधारमा समाहित वा मुलप्रवाहीकरण गरिनेछ । यसका लागि आवश्यक कार्यक्रम र बजेटको विनियोजन तथा व्यवस्थापन गर्नुका साथै प्रदेश सरकार, संघिय सरकार र विकासका साझेदारसंग थप कार्यक्रम तथा बजेटका लागि आवश्यक पहल गरिनेछ ।

७.३. **प्रदेश सरकार , संघिय सरकार र विकासका साझेदारहरु संस्थाहरुसंग सहकार्य :** बालअधिकार संरक्षण र प्रर्वद्धनका लागि आवश्यकता अनुसार प्रदेश सरकार , संघिय सरकार र अन्य विकासका साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ ।

७.४. **स्थायिन देखि राष्ट्रियस्तरका संचार क्षेत्र संग सहकार्य :** बाल अधिकार , बाल संरक्षण , बाल सहभागिताका बारेमा नगरबासीहरुको चेतना अभिवृद्धि गर्न , बाल संरक्षण तथा बाल अधिकारको प्रर्वद्धन गर्नका लागि नगरले गरेका उदारणीय कार्यहरुको बारेमा सबैलाई जानकारी गराउन , बालबालिकाहरुको हितका लागि आवश्यक सुचना तथा जानकारी विस्तार गर्नका लागि स्थानिय देखि राष्ट्रियस्तरका संचार क्षेत्रसंग सहकार्य गरिनेछ ।

७.५. **बालबालिकासंग सम्बन्धित तथ्याकं संकलन र विश्लेषण , अध्यावधि तथा अभिलेखिकरण :** बाल अधिकार तथा बाल संरक्षण संग सम्बन्धित सबै विषय तथा सवालहरुको अवस्था स्पष्ट बुझिनेगरि आवश्यक तथ्याकं संकलन गर्ने ,संकलित तथ्यांकलाई विश्लेषण गर्ने , त्यसलाई आवश्यकता अनुसार अध्यावधि गर्ने र व्यवस्थित अभिलेखिकरण गर्ने । जस्तै : आमाबाबु गुमाएका वा आमाबाबुसंग छुट्टिएका बालबालिका, अपांगता भएका बालबालिका , श्रममा संलग्न बालबालिका , घरमुलीको रुपमा रहेका बालबालिका , विद्यालय बाहिर रहेका बालबालिका , विद्यालय छोडेका बालबीलका , विद्यालय अनियमित बालबालिका , सडक बालबीलका, मानव बेचविखनमा परेका बालबालिका , लागू औषध दुर्व्यसनमा संलग्न बालबालिका, बाल विज्याईमा परेका वा कानुनसंग बाझिएका बालबीलका,घरेलु हिंसा पीडित बालबालिका, यौन/दुर्व्यवहारमा परेका बालबीलका, बाल विवाह गरेका बालबालिका , कुपोषित बालबालिका, द्धन्द प्रभावित बालबालिका , मानव तथा प्राकृतिक प्रकोप प्रभावित बालबालिका ,एच.आई.भी संक्रिमत तथा प्रभावित बालबालिकाको तथ्याक संकलन, अध्यावधि र अभिलेखिकरण गरिनेछ । यसरी तथ्यांक संकलन, विश्लेषण , अध्यावधि र अभिलेखिकरण गर्दा एकिकृत तथा खण्डिकृत दुबै प्रकारको तथ्याकंलाई प्राथमिकता दिईनेछ ।

७.६. **विभिन्न किसिमका अभियानहरु संचालन :** प्रत्येक बालबालिकाहरुका पहिचानको अधिकार सुनिश्चित गर्नका लागि जन्मदर्ता अभियान , बाल विवाहलाई निरुत्साहित गर्नका लागि बाल विवाह विरुद्धको अभियान , विद्यालय भर्ना अभियान , दण्ड रहित वा भय रहित शिक्षण सिकाई अभियान जस्ता अभियानहरु संचालन गरिनेछ ।

७.७. **बाल अधिकार उलंघनका घटनाहरु सम्बोधन गर्नका लागि आवश्यक संयन्त्र निमार्ण तथा कार्यान्वय :** बाल अधिकार उलंघनका कुनैपनि घटना उपर सुनुवाई गरि आवश्यक सम्बोधन गर्नका लागि वडा देखि नगर सम्म एक संयन्त्र निमार्ण गरिनेछ जसलाई बाल अधिकार संरक्षण तथा प्रर्वद्धन समिति भनिनेछ । बाल अधिकार उंलघनका घटनाको सुनुवाई बाहेक यस समितिले समग्र बाल अधिकार संरक्षण तथा प्रर्वद्धनका लागि आवश्यक र्काय गर्न सक्नेछ ।

७.८. **नीजि क्षेत्र संग सहकार्य :** बाल अधिकार संरक्षण तथा प्रर्वद्धनका लागि नगरभित्र रहेका र नगर बाहिर रहेका नीजि क्षेत्र जस्तै बैंकिक क्षेत्र, शिक्षण संस्था, उधोगी व्यापारीहरु , नीजि व्यवसायीहरुसंग आवश्यकता अनुसार सहकार्य गरिनेछ ।

७.९. **बालबालिकाहरुका समुह तथा संजाल गठन,पुर्नगठन तथा सबलीकरण मार्फत बाल सहभागित प्रर्वद्धन :** आवश्यकताअनुसार बालबालिकाहरुका समुह तथा संजाल गठन तथा पुर्नगठन गरिनेछ । बाल बचाऊ , बाल विकास , बाल संरक्षण र बाल सहभागिताको बुझाई सम्बन्धि उनिहरुको क्षमता वृद्धि गरिनेछ । उनिहरुका समुह तथा संजालको प्रतिनिधित्व मार्फत बालबालिकाको अर्थपुर्ण सहभागितालाई प्रर्वद्धन गरिनेछ ।

७.१०. **संरक्षक विहिन , अनाथ तथा उच्च जोखिममा रहेका बालबालिकाहरुको लागि बाल अक्षयकोष स्थापना तथा संचालन** : आमा बाबु दुबै गुमाएका , आमा वा बाबु मध्ये कुनै एक गुमाएका , आमाबाबु संग छुट्टिएका,आफ्नो नजिकको आफन्त कोहि पनि नभएका र अन्य कुनैपनि कारणले संरक्षक विहिन

बालबालिकाहरुलाई सामाजिक सुरक्षा (आधारभुत आवश्यकता परिपुर्ति गर्न सहयोग पुराउने हेतुले) प्रदान गर्नका लागि नगरपालिकाले एक बाल अक्षय कोष को स्थापना गरि संचालन गर्नेछ । प्रत्येक वर्ष सोहि कोषमा क्षय नहुने राशि थप गर्दै जानेछ । र यस कोषबाट प्राप्त व्याज राशिबाट माथि उल्लेखित बालबालिकाहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछ ।

७.११. **आकस्मिक कोष स्थापना तथा संचालन :** मानव निर्मित तथा प्राकृति प्रकोपका कारण विपतमा परेका र अन्य कुनै कारणले आकस्मिक सहयोगको आवश्यकता रहेका बालबालिकाहरुलाई तत्काल सहयोग उपलब्ध गराउनका लागि वडा तथा नगरपालिकामा एक आकस्मिक कोष स्थापना तथा संचालन गरिनेछ ।

७.१२. **क्षमता अभिवृद्धि :** यस बालसंरक्षण नीति कार्यान्वयनको लागि नगरपालिकासंग सम्बन्धित सबैको क्रमश क्षमता अभिवृद्धि गरिनेछ ।

७.१३. **गोपनियता कायम :** बालबालिकालाई हानीनोक्सानी हुनेगरि , उनिहरुको पहिचान खुल्नेगरि कुनैपनि समाचार, सुचना, जानकारी वा श्रव्य दृश्य सामाग्री प्रकाशसन तथा प्रशारण गरिनेछैन । र यसो गर्न निरुत्साहित गरिनेछ । यदि बालबालिकाकै न्यायका लागि सुचना वा जानकारी दिन आवश्यक भएको खण्डमा सम्बन्धित कार्यालयको सम्बन्धित जीम्मेवार व्यक्तिलाई मात्र आवश्यक सुचना वा जानकारी उपलब्ध गराईनेछ ।

**७.१३. सिफारिस संयन्त्र/प्रणाली स्थापना :** कुनैपनि दुर्व्यवहार,हिंसा,शोषण बाट प्रभावित बालबालिकालाई आवश्यक थप सहयोगका लागि सम्बन्धित निकाय,कार्यालय,संघसस्थामा सिफारिस गरि पठाउनका लागि नगरपालिका स्तरिय एक सिफारिस संयन्त्र वा सिफारिस प्रणाली स्थापना गरिनेछ ।

**७.१४. अभिभावक शिक्षालाई जोड :** अहिंसात्मक र सकरात्मक ढंगले बालबालिकाहरुलाई हुकाई बढाई गर्नका लागि र कुनैपनि दुर्व्यवहार,हिंसा,शोषण, वेवास्ता बाट उनिहरुलाई संरक्षण गर्नका लागि अभिभावक शिक्षालाई मुख्य रणनीतिको रुपमा लिई यस नगरपालिका भित्रका सबै वडा तथा बस्तीहरुमा अभिभावक कक्षाहरु संचालन गरिनेछ ।

**८. बाल नीतिले अवलम्बन गरेको सिद्धान्त :** निम्न सिद्धान्तको आधारमा यो बाल संरक्षण नीति निमार्ण गरिएकोछ :

**८.१. अविभेद :** जातजाति, धर्म संस्कृति, लिंग,रंग, परिवारको राजनीति/सामाजिक/शैक्षिक तथा आर्थिक पृष्ठभुमि वा अवस्था वा स्तर , भौगोलिक अवस्था लगायत अन्य कुनैपनि कुराको आधारमा कुनैपनि बालक बालिका उपर विभेद हुनुहुदैन । प्रत्येक बालबालिकाको पृष्ठभुमि फरक हुन्छ , सबै बालबालिकाले एकै प्रकारको पारिवारिक/सामाजिक/आर्थिक वातावरण तथा अवसर प्राप्त गरेका हुदैनन् त्यसैले कुैन एक बालक वा बालिकाको क्षमतालाई अर्को बालक वा बालिका संग तुलना गर्नुहुदैन भन्ने मान्यता राख्दछ ।

**८.२. बालबालिकालाई क्षति नपुराउने/नगर्ने :** नगरपालिकाको कुनैपनि नीति,नियम,योजना तथा कार्यक्रम, व्यवहार तथा अभ्यासले कुनैपनि बालक बालिकालाई कुनै पनि प्रकारको हानी नोक्सानी पुराउनु हुदैन र कुनैपनि बालक बालिका प्रति विभेद,दुर्व्यवहार,वेवास्ता,हिंसा,शोषण हुने खालको आनीबानी,

मूल्यमान्यता,अभ्यास,नीति,नियम,योजना तथा कार्यक्रम , कार्यान्वयन प्रक्रिया र कार्यशैली लाई निरुत्साहित गर्नुपर्दछ ।

८.३. **बच्चालाई एक व्यक्तिको रुपमा हेरिनु :** बालक बालिकालाई पुर्ण मानवको रुपमा हेरिनुपर्दछ, एक व्यक्तिको रुपमा र सोहि अनुसारको व्यवहार गरिनुपर्दछ । उनिहरु प्रति आफु अनुकुलको व्यवहार गर्नुहुदैन ।

८.४. **बालबालिकाको आवाजको कदर :** हरेक बालबालिकाको विचार , भावना र भनाई उत्तिकै महत्वपुर्ण हुन्छ त्यसैले उनिहरुको आवाज,भावना,विचारको सुनुवाई गरि आवश्यक तथा उचित कदर गर्नुपर्दछ । यदि उनिहरुको आवाजलाई सम्बोधन गर्न नसकिने अवस्था भएमा सोको बारेमा बालबालिकाहरुलाई स्पष्ट कारण बताउनुपर्दछ ।

८.५. **स्वयमसेवी,समावेशी र सुरक्षित तथा संरक्षित बाल सहभागिता :** नगरपालिकाले संचालन गर्ने वा नगरपालिका भित्र संचालन हुने कुनैपनि कार्यक्रम,कृयाकलाप , योजना चक्र ( योजना तर्जुमा , योजना कार्यान्वयन,अनुगमन तथा मुल्याकन) मा गराईने बाल सहभागिता उनिहरुकै भावना अनुरुप स्वयम्सेवी हुनुपर्दछ । जातजाति,धर्म,लिंग,भुगोल,शारिरिक अवस्था,आर्थिक सामाजिक अवस्था जस्ता सबै कुराहरुको आधारमा बालबालिकाहरुको सहभागिता सुनिश्चित हुनुपर्दछ । यस्ता हरेक कार्य तथा प्रक्रियाहरुमा सहभागिता जनाउदा तिनि सबै बालबालिकाहरुले संरक्षण संग सम्बन्धित कुनैपनि बाधा , अप्ठ्यारोको झेल्नुहुदैन । उनिहरुले आफूहरुलाई सुरक्षित महशुस गर्नुपर्दछ ।

## ९ . बाल संरक्षण नीतिको कार्यान्वयनका लागि छेडागाड नगरपालिकाको प्रतिवद्धता

वेवास्ता , हेलचक्राई , भेदभाव, दुर्व्यवहार, शोषण तथा हिंसा र त्यसको नकरात्मक असर तथा प्रभाव बाट प्रत्येक बालक तथा बालिकालाई संरक्षण गर्नका लागि र यदि कुनैपनि बालबालिका उपर यस्ता घटना भईहालेको अवस्थामा उक्त घटना बारे उजुरी लिन, उक्त उजुरी उपर सुनुवाई गरि उचित सम्बोधन गर्नका लागि यस छेडागाड नगरपालिकाले निम्नानुसारका उपायहरु अवलम्बन गर्नेछ भनि प्रतिबद्धता गर्दछौ :

९.१.छेडागाड नगरपालिका भित्र रहेका विभिन्न खाले अपांगता भएका , आमा बुवा दुबै वा दुईमध्ये कुनै एक गुमाएका , संरक्षक विहिन , श्रमिकको रुपमा काम गरिरहेका बालबालिका ( अरुको घरमा , होटल तथा रेष्टुरामा , विभिन्न पसलहरुमा , उधोगहरुमा , घर तथा बाटो निर्माणमा , यातायातका साधनहरुमा र अन्य व्यवसायमा श्रमिकको रुपमा काम गरिरहेका ) , बेचविखन तथा ओसारपसारमा परेका वा पर्न सक्ने जोखिममा रहेका , विद्यालय बाहिर रहेका , हेला/ भेदभाव/ वेवास्ता र अन्य शारिरिक , मानसिक तथा यौनजन्य र्दुव्यवहारको कारण जोखिममा रहेका , बाल विवाह भएको कारण वा बाल विवाह हुनसक्ने जोखिममा रहेका , आमाबाबु वा संरक्षकहरु नै दीर्घरोगी भएकाले वा मानसिक रोगी भएकाले वा अपांग भएकाले जोखिममा रहेका र बाल बिज्याई गरेर कानुनी विवादमा परेका बालबालिकाहरुको तथ्यांक संकलन गर्ने , संकलित तथ्यांकको विश्लेषण गर्ने ,अभिलेखिकरण गर्ने र तथ्यांक अध्यावधि गर्ने ।

९.२. आमा बाबु दुबै वा दुई मध्ये एक गुमाएका, संरक्षक विहिन , आफै घरमुलीको रुपमा जीम्मेवारी सम्हाली रहेका बालबालिका, आफ्नो तथा परिवारका सदस्यहरुको पालनपोषणको लागि विभिन्न श्रममा संलग्न बालबालिका, पुर्ण तथा आशिंक अपांगता भएका बालबालिका, कानुनसंग बाझिएका वा बाल बिज्याईमा

परेका बालबालिका , लागुऔषध तथा मानव बेचविखनबाट प्रभावित बालबालिकाहरुका लागि विशेष,रणनैतिक तथा एकिकृत कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

९.३. बालबालिका उपर गरिने वेवास्ता,भेदभाद,दुर्व्यवहार,शोषण र हिंसा बारेमा उजुरी सुनुवाई गर्न , उक्त उजुरी उपर आवश्यक अनुसन्धान गर्न र उचित सम्बोधन गर्नका लागि वडा तथा नगरपालिकामा एक अधिकारयुक्त संयन्त्र स्थापित गर्ने । र यस्तो संयन्त्र र उजुरी प्रक्रियाका बारेमा आम नगरबासीलाई विभिन्न माध्यमबाट जानकारी गराउने ।

९.४. बालबालिका उपर हुन सक्ने वेवास्ता,भेदभाद,दुर्व्यवहार,शोषण तथा हिंसा र यस्ता कुराहरुबाट हुने नकरात्मक असर तथा प्रभावहरु वा थप जोखिमहरुका बारेमा नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरु सचेत छन र हाम्रो नगरपालिका भित्र सबै बालबालिकाहरु सुरक्षित छन भन्ने कुरा सुनिश्चित गर्ने ।

९.५. बाल दुर्व्यवहारका घटना बाहिर ल्याउने जो कोहि व्यक्ति /समिति / संस्था, यस्ता घटना वा समस्याबाट प्रभावित बालक बालिका, कर्मचारी , पदाधिकारी , सामाजिक कार्यकर्ताको नाम/उमेर/ठेगाना वा अन्य जानकारी बारेमा गोपनियता कायम राख्दै अनुसन्धान प्रक्रियालाई आवश्यक सहयोग गर्ने तर उक्त घटना सम्बन्धि अनुसन्धान गर्न तोकिएको व्यक्ति तथा निकायलाई भने आवश्यकतानुसार सुचना वा जानकारी उपलब्ध गराई अनुसन्धान प्रक्रियालाई थप प्रभावकारी बनाउने ।

९.६. बाल दुर्व्यवहारका घटना सम्बन्धि अनुसन्धान प्रक्रियालाई निष्पक्ष र प्रभावकारी बनाउन आवश्यक सबै सहयोग गर्ने र यस प्रक्रियमा बालबालिकाहरुको सर्वोत्तम हितको सिद्धान्तलाई मुख्य आधार बनाउने ।

९.७. जोखिममा रहेका बालबालिकाहरुको संरक्षण गर्न उनिहरुको हकहितको सुनिश्चत गर्नका लागि अभिभावक , आफन्त, समुदाय, बाल संरक्षण समितिहरु,स्थानिय देखि राष्ट्रिय स्तर सम्मका सम्बन्धित संघ सस्था वा निकाय , विषय विशेषज्ञ संग समन्वय र सहकार्य गर्ने ।

९.८. बालबालिका सम्बन्धित सेवा प्रदायक तथा बाल संरक्षण सम्बन्धि सेवा तथा सुविधा प्रदान गर्ने व्यक्ति,संस्था,निकाय र स्थानको पहिचान/नक्साकंन गरि जोखिममा रहेका बालबालिकाहरु हकहितको लागि समन्वय र सहकार्य गर्ने ।

९.९. छेडागाड नगरपालिका भित्र उपलब्ध रहेका मनोसामाजिक परामर्शकर्ताहरु सुचिकरण गरि नामावली प्रकाशन गर्ने ।

९.१०. यस नगरपालिका भित्रका प्रत्येक वडालाई बाल विवाह मुक्त बनाउनका लागि विशेष रणनीतिक योजना बनाएर कार्यान्वयन गर्ने ।

९.११. यस नगरपालिकाका भित्रका प्रत्येक वडालाई बाल श्रम मुक्त बनाउनका लागि विशेष रणनीतिक योजना बनाएर कार्यान्वयन गर्ने ।

९.१२. वडा देखि नगर सम्मका सबै औपचारिक तथा अनौपचारिक संरचनाहरु र तिनिहरुको नीति/योजना/कार्यक्रम/निर्णय निमार्ण प्रक्रियामा सम्बन्धित वडा तथा नगरका बाल क्लब/संजालका प्रतिनिधिहरुको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

९.१३. संरक्षक विहिन , अनाथ तथा उच्च जोखिममा रहेका बालबालिकाहरुको लागि बाल अक्षयकोष स्थापना तथा संचालन गरि त्यस्ता बालबालिकाहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने ।

९.१४. विभिन्न किसिमको जोखिममा रहेका बालबालिकाहरुलाई आवश्यकतानुसार सहयोग गर्नका लागि नगरस्तरिय आपतकालीन कोषको स्थापना गरि आपतकालीन सेवा उपलब्ध गराउने ।

**१०. नगरपालिकाले बालसंरक्षण नीतिको व्यवहारिक कार्यान्वयनका लागि चाल्ने कदमहरु**

१०.१. छेडागाड नगरपालिका भित्रका बाल क्लब तथा नेटवर्कका पदाधिकारी तथा सदस्यहरु , बालबालिकासंग सम्बन्धित संरचना तथा समितिका पदाधिकारीहरु , नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुलाई यस बाल संरक्षण नीतिको बारेमा जानकारी दिइनेछ ।

१०.२. छेडागाड नगरपालिकाको नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरुले बालसंरक्षण सम्बन्धि आचारसंहिता मा हस्ताक्षर गर्नेछन् र सोहिबमोजिम पालना गर्नेछन् । यसरी हस्ताक्षर गरेको एकप्रति सम्बन्धितसंग र एकप्रति नगरपालिका तथा वडा कार्यालयमा अभिलेख राखिनेछ ।

१०.३. वडा तथा नगरपालिका अर्न्तगत करारमा कर्मचारी भर्ना गर्दा , र यह“ा कृयाशिल विभिन्न सामाजिक संघ संस्था वा गैरसरकारी संघ संस्था, समिति वा सहकारी अर्न्तगत न“या कर्मचारी भर्ना गर्दा निर्धारण गरिने छनोटका आधारहरुमध्ये बाल संरक्षण नीतिलाई पनि एक मूख्य आधार बनाइनेछ । कर्मचारी छनोट प्रक्रियामा लिइने लिखित तथा मौखिक परिक्षाहरुमा बाल संरक्षण नीति र बाल संरक्षण आचारसंहिताका बारेमा प्रश्नहरु समावेश गरिनेछ ।

१०.४. कुनैपनि बालक वा बालिका उपर वेवास्ता वा भेदभाव , दुर्व्यवहार, शोषण, हिंसा भएको सम्बन्धमा सुचना , जानकारी वा उजुरी दिन सकिने एक अधिकारयुक्त संयन्त्र र उजुरी प्रक्रियाको बारेमा यस नगरपालिकाका सबै बालबालिका तथा वयस्क व्यक्तिहरुलाई जानकारी हुनेछ ।

१०.५. माथि उल्लेखित कुराहरु सुनिश्चित गर्नका लागि यस नगरपालिकाले  बाल संरक्षणका सवालमा क्षमता अभिवृद्धि गर्ने खालका तालिम , गोष्ठी ,अन्तरक्रियात्मक छलफल तथा बैठक , विद्यालय स्तरीय सचेतनामुलक कार्यक्रमे आयोजना गर्नेछ । र आफ्नो वार्षिक योजना भित्र बाल संरक्षण सुनिश्चित गर्न मद्धत गर्ने योजनाहरु अनिवार्य समावेश गर्नेछ ।

१०.६. छेडागाड नगरपालिकाले अर्धबार्षिक रुपमा बाल क्लब तथा नेटवर्कका प्रतिनिधिहरुसंग बाल संरक्षण नीतिको प्रभावकारीता बारेमा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्नेछ । र नगरकार्यपालिकाको नियमित बैठकमा बाल संरक्षणको विषयलाई अनिवार्य छलफलको विषय बनाउनेछ ।

**११. बालबालिकासंग र बालबालिकाहरुका लागि काम गर्दा छेडागाड नगरपालिकाको मान्यता :**

बालअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि छेडागाड नगरपालिका निम्न मुल्य, मान्यतामा विश्वास गर्दछ ।

११.१ छेडागाड नगरपालिका र यस भित्रका सबै वडा ,यस क्षेत्र भित्र कृयाशिल विभिन्न सामाजिक संघ संस्थाहरुले निमार्ण गर्ने ऐन, नियम ,नीति , रणनीति, योजना तथा कार्यक्रमले सबै बालबालिकाहरुको बाँच्न पाउने, बिकास गर्न पाउने, आफ्नो विचार र भावना राख्न पाउने र संरक्षण  पाउने अधिकारलाई केन्द्रविन्दुमा राखेको हुनुपर्दछ । कुनैपनि नीतिगत निमार्ण वा भौतिक निमार्णले बालबालिकाहरुको शिक्षा, स्वास्थ्य, मनोरञ्जन र भावनालाई नकरात्मक असर पुचाउनुहुदैन ।

११.२. यस नगरपालिका , यस अर्न्तगतका सबै वडाहरु , अन्य सामाजिक संघ सस्थाहरु , सबै विद्यालयहरु र अन्य औपचारिक अनौपचारिक समिति/समुहहरुले आफ्नो निणर्य ,नीति नियम, योजना तथा कार्यक्रम निमार्ण प्रक्रियामा बाल क्लब/नेटवर्कका प्रतिनिधिहरुको अनिवार्य अर्थपुर्ण सहभागिता गराएको हुनुपर्दछ ।

११.३. बालबालिकाहरुको आफ्नै सामाजिक,सांस्कृतिक, तथा धार्मिक परिवेशमा रहि उनिहरुको मूल्यांकन , कदर तथा पहिचान गरि आवश्यक सहयोग तथा सहजीकरण गरिनुपर्छ ।

११.४. बालबालिकाहरुको लागि उनिहरुकै परिवार , आमाबुवा, अभिभावक वा आफन्तहरुकै न्यायो माया र हेरचाह महत्वपूर्ण हुने भएकोले जोखिममा रहेका बालबालिकाहरुलाई संभव भएसम्म पुन : उनिहरुकै परिवार वा आफन्तसंग पुर्नस्थापन गराईनुपर्छ ।  ,

११.५. बालबालिकासंग सरोकार राख्ने प्रत्येक निर्णय प्रक्रियमा बालबालिकाहरुले आफ्नो विचार र भावना राख्न सक्ने वातावरण निमार्ण गरिनुपर्छ , उनिहरुको विचार र भावनाको सुनुवाई हुनुपर्छ र बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गर्दै उनिहरुको विचार र भावनाको संवोधन गरिनुपर्छ । यदि उनिहरुको विचार र भावनालाई अथवा उनिहरुले उठाएको समस्या तथा सवाल उपर संवोधन गर्न नसकिने अवस्था भएमा त्यसको स्पष्ट कारणहरु बारेमा बालबालिकाहरुलाई बताएको हुनुपर्छ ।

११.६. कुनैपनि आधारमा कुनैपनि बालक वा बालिका उपर वेवास्ता,दुर्व्यवहार,हेलचक्राई, भेदभाव, शोषण र हिंसा गरिनुहुदैन ।

११.७. कुनैपनि कार्यक्रममा सहभागि गराउनका लागि बालबालिकाहरुलाई घर देखि टाढा पठाउनुपर्ने अवस्थामा उनिहरुको अभिभावकको पुर्ण सहमति लिनुपर्दछ । र त्यसरी पठाउदा बालिकालाई महिला संरक्षक र बालकलाई पुरुष संरक्षकको व्यवस्था गर्नुपर्दछ ।

**१२. बालबालिकाको प्रत्यक्ष सर्म्पकमा आउने वा बालबालिकासंग प्रत्यक्ष काम गर्ने जो कोहीले अनिवार्य गर्नुपर्ने कुराहरु :**

१२.१.बालबालिकालाई सम्मानपुर्वक व्यवहार गर्ने । प्रत्येक बालक वा बालिकालाई एक पुर्ण मानवका रुपमा मान्यता दिने र सोहिबमोजिमको व्यवहार गर्ने ।

१२.२. प्रत्येक बालक बालिकालाई सकरात्मक दृष्टिले हेर्ने ।

१२.३. प्रत्येक बालबालिकाको आ–आफ्नै पृष्ठभुमि हुन्छ भन्ने सिद्धान्तलाई अवलम्बन गरि सबैको फरकपना वा फरक विशेषता वा क्षमताको सम्मान गर्ने ।

१२.४. बालबालिकाहरुको दृष्टिकोण/विचार उनिहरुको सर्वोत्तम हितमा छ भने त्यसलाई मान्यता दिई गम्भीर रुपमा लिने ।

१२.५. बालबालिकाहरुसंग भएको अर्न्तनिहित क्षमतालाई अभिवृद्धि गर्न सहजीकरण गर्ने ।

१२.६. बालबालिकाहरुको आफ्नै परिवेश (आर्थिक, धार्मिक, सामाजिक र सांस्कृतिक) बुझ्ने र सोहीबमोजिम सहयोग तथा सहजीकरण गर्ने ।

१२.७. बालबालिकाहरुको भावना र हित विपरित कुनैपनि निर्णय नलिने ।

**१३. छेडागाड नगरपालिकाको बाल संरक्षण सम्बन्धि आचार संहिता :**

नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुले अनिवार्य गर्नुपर्ने कामहरु :

१३.१. बालअधिकार भनेको के हो ?, बालबालिकाहरुको अधिकार र कर्तव्य के के हुन ? , के कस्तो व्यवहार राम्रो हुन्छ ?, के कस्तो व्यवहार नराम्रो हुन्छ ? भन्ने बारेमा बालबालिकाहरुलाई जानकारी दिनका लागि उनिहरुसंगै बसेर छलफल गर्ने र उनिहरुलाई महशुस गर्न सहजीकरण गर्ने ।

**१३.२.** बालबालिकाहरुसंग सम्बन्धित काम गर्दा वा उनिहरुसंग कुराकानी गर्दा स्पष्ट बुझिनेगरि कुरा गर्ने ।

**१३.३.** बालबालिकाहरुसंग कुनैपनि काम गर्दा उनिहरुको शरिर , मन मष्तिक , शिक्षा , र सहभागितामा हानी नोक्सानी वा खतरा वा जोखिम नहुने गरि अन्तरक्रिया/बैठक/सभा/तालिम वा अन्य कार्यक्रमको स्थान , मिति र समय छनौट गर्ने ।

**१३.४.** यदि कुनै पनि योजना , कार्यक्रम वा कृयाकलापले बालबालिकाहरुलाई जोखिममा पार्ने वा हानी नोक्सानी पुराउने संभावना छ भने त्यस्ता योजना, कार्यक्रम वा कृयाकलापहरु तुरुन्त रोक्ने र रोक्न सुझाउने । र त्यसका बारेमा सम्बन्धित सबै सरोकारवालाहरु , अभिभावकहरु र बालबालिकाहरुलाई जति सक्यो चाडो जानकारी गर्ने ।

**१३.५.** यदि कुनै बालक वा बालिका माथि कुनैपनि प्रकारको घटना भयो वा समस्या आइपर्‍यो भने त्यसको समाधानको लागि उनिहरुसंगै छलफल गरेर उनिहरु के चाहन्छन ?, आफै के गर्न चाहान्छन् ? अरुहरुबाट कस्तो सहयोग चाहान्छन ? भन्ने कुराहरु बुझेर सोहि बमोजिमको सहयोग तथा सहजीकरण गर्ने ।

**१३.६.** यौन दुर्व्यवहार लगायतका विभिन्न दुर्व्यवहारबाट बच्न सकिने उपायहरु बारेमा सबै बालबालिकाहरुलाई सिकाउने र यदि त्यस्ता घटनाहरु भईहालेमा रिर्पोटिङ गर्ने संयन्त्र/निकाय र प्रक्रियाको बारेमा बालबालिकाहरु र तिनिहरुका अभिभावकलाई जानकारी दिने ।

**१३.७.** बालबालिकाहरुले बाल दुर्व्यवहार/वेवास्ता/शोषण/हिंसा सम्बन्धि कुनैपनि समस्या वा सवाल उठाउन र त्यस उपर छलफल गर्न सक्ने खालको सहज (बाल मैत्री) वातावरण तयार गर्ने ।

**१३.८.** कुनैपनि नीति नियम , योजना , कार्ययोजना, कृयाकलाप तर्जुमा गर्दा , कार्यान्वयन गर्दा वा उपलब्धी मापन गर्दा र बालबालिकासंग सम्बन्धित कुनैपनि निर्णय लिदा जहिलेपनि उनिहरुको सर्वोत्तम हितलाई प्राथमिकतामा राख्ने ।

**१३.९.**जोखिममा परेका कुनैपनि बालक,बालिका वा उनिहरुका परिवारसंग सम्बन्धित कुनैपनि सुचना वा जानकारीहरुको गोपनियता कायम राख्ने । बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गर्दै उनिहरुका आमाबुबा वा अभिभावकहरुसंग परामर्श गरि स्वीकृति लिएर आवश्यक सुचना वा जानकारी मात्र अत्यन्त सम्बन्धित व्यक्ति , निकाय वा संस्थालाई उपलब्ध गराउने ।

**१३.१०.** बालबालिकाहरुसंग सम्बन्धित परिस्थिति विश्लेषण , योजना तर्जुमा, कार्यान्वयन प्रक्रिया , अनुगमन, समिक्षा र मूल्यांकन अथवा उपलब्धीको मापन गर्ने प्रकृयामा बालक बालिकाको अर्थपुर्ण सहभागित सुनिश्चित गर्ने ।

**१३.११.** कुनैपनि भौतिक तथा सामाजिक विकास संग सम्बन्धित नीति,रणनीत,योजना,कार्ययोजना निमार्ण गर्नु पुर्व र पश्चात बालबालिका माथि पर्न सक्ने र परेको सकरात्मक तथा नकरात्मक असर र प्रभाव बारेमा लेखाजोखा गर्ने ।

**१३.१२.** बालबालिकाहरुलाई सकरात्मक उत्प्रेरण मिल्ने , हौसला मिल्ने र उनिहरु खुसी हुने व्यवहार प्रर्दशन गर्ने ।

**१३.१३.** सबै बालबालिकाहरुप्रति समान वा बराबर वा एकैखालको व्यवहार गर्ने ।

१३.१४. यदि कसैले बालबालिकाहरुको संरक्षणमा बाधा पुचाउने र उनिहरुलाई जोखिममा पार्ने काम गर्दैछ भने त्यस्ता कृयाकलापहरुलाई निरुत्साहित गर्ने र तुरुन्तै सम्बन्धित समिति वा निकायलाई खबर गर्ने ।

**१३.१५.** यदि कुनै बालक वा बालिका आफ्नो वा अरु कुनै बालबालिकाको घटना वा समस्या बताउदैछन भने धैर्यतापूर्वक र सक्रिय रुपले सुन्ने । र थप कुरा सुनाउनका लागि उनिहरुलाई उत्प्रेरित गरिराख्ने ।

**१४. छेडागाड नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुले गर्नै नहुने व्यवहारहरु वा कामहरु :**

**१४.१.** कुनैपनि बालक वा बालिकालाई पिट्ने ,कुट्ने , गालीगलौज गर्ने लगायतका शारीरिक वा मानसिक यातना दिने वा अन्य दुर्व्यवहारजन्य व्यवहार गर्नुहुदैन ।

**१४.२.** अभिभावक वा अरुबाट टाढा वा एक्लै राखेर कुनैपनि बालकबालिकासंग चाहिने भन्दा बढि समय बिताउनु हुदैन ।

**१४.३.** बालकबालिकाहरुको मन्जुरी सहित वा मन्जुरी विना उनिहरुसंग यौन सम्बन्ध राख्नुहुदैन वा अन्य कुनैपनि किसिमका यौनजन्य कृयाकलाप गर्नुहुदैन ।

**१४.४.**यौन आसय झल्किने खालका वा बालबालिकाहरुलाई यौन कृयाकलाप प्रति उत्तेजित बनाउने खालका शब्द , भाषा , उखान टुक्का , चित्र,फोटो,भिडियो,फिल्म जस्ता कुनैपनि कुराहरु प्रयोग गर्नुहुदैन ।

**१४.५.** लैंगिक भेदभावलाई प्रोत्साहन गर्ने खालको कुनैपनि उखानटुक्का, कथा ,कविता, गित, चुट्किला बालबालिकाहरुलाई सुनाउनु हुदैन र उनिहरुलाई पनि यसो गर्न लगाउनु हुदैन ।

**१४.६.** बालबालिकाहरुलाई हिनताबोध हुने , नियास्रो लाग्ने , लज्जित बनाउने , भावनात्मक हिसाबले विचल्लित बनाउने जस्ता कुनैपनि कृयाकलाप , व्यवहार , शब्द वा भाषा प्रयोग गर्नुहुदैन ।

**१४.७.** अभिभावक वा संरक्षक विना कुनैपनि बालक वा बालिकासंग रात बिताउनु हुदैन र अभिभावक वा संरक्षकको मन्जुरी विना उनिहरुलाई टाढा लग्नुहुदैन ।

**१४.८.** बालबालिकाहरुलाई दुर्व्यसनतिर वा कुलततिर उत्प्रेरित गर्ने खालको कृयाकलाप गर्नु वा गराउनु हुदैन ।

**१४.९.** बाल विवाहसंग सम्बन्धित कुनैपनि भोज भतेर , जन्ती , लोकन्ती अन्य वा कार्यक्रममा संलग्न हुनुहुदैन ।

**१४.१०.**कुनैपनि बालक वा बालिकलाई जोखिमपूर्ण काममा लगाउनुहुदैन , घर/उधोग/पेशा/व्यापार/व्यवसाय/निमार्ण कार्यमा बालबालिकालाई श्रमिकको रुपमा राख्नुहुदैन । तर १४ वर्ष भन्दा माथिको बालक वा बालिकालाई घरेलु सहायकका रुपमा राख्न सकिनेछ र यसरी घरेलु

सहायकको रुपमा राख्दा उनिहरुको विद्यालय शिक्षा , स्वास्थ्य उपचार , उचित सम्मान र पारिश्रमिक सुनिश्चित गर्दै सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालय बाट लिखित स्वीकृती लिनुपर्दछ ।

**१४.११.** कुनैपनि बालक वा बालिकासंग सम्बन्धित कुनैपनि सुचना वा जानकारी उनिहरुको हित विपरित हुने गरि सार्वजनिक गर्नुहुदैन । वा उनिहरुको गोपनियताको अधिकार उलघंन गर्न हुदैन ।

**१४.१२.** कुनैपनि बालबालिका बिच कुनैपनि आधारमा तुलना गरेर बोल्नु वा बोलाउनु हुदैन । कुनैपनि आधारमा बालबालिका प्रति भेदभावपूर्ण व्यवहार गर्न हुदैन ।

**१४.१३.** बालबालिकाहरुले आफूलाई वा अरु बालबालिकाहरुलाई भएको दुर्व्यवहारको घटना वा समस्या बताउन लागेको बेला हास्ने,उडाउने वा भन्न रोकिदिने वा निरुत्साहित गर्ने काम गर्नुहुदैन ।

**१४.१४.** बालबालिकाहरुबाट हुनसक्ने गैह्रकानुनी , असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई प्रोत्साहन गर्नुहुदैन , बेवास्ता गर्नुहुदैन र त्यसमा सहभागि हुनुहुदैन ।

**१४.१५.** बालबालिकाहरुको हित विपरीत हुने कुनैपनि निर्णय प्रकृया वा कृयाकलापमामा सहभागि हुनुहुदैन ।

**१४.१६.** बालबालिकाहरुलाई जोखिममा पार्ने , उनिहरुलाई नोक्सान पुराउने कुनैपनि कृयाकलाप वा व्यवहार गर्नुहुदैन ।

**१५.** छेडागाड नगरपालिकाको नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुले बालबालिकाहरु उपर यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको कुरा कुनैपनि श्रोतबाट जानकारी भएमा :

**१५.१.** छेडागाड नगरपालिकाको नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु लगायत सबै निर्वाचित जनप्रतिनिधिहरु , नगरपालिकाका विभिन्न सल्लाहकारहरु, नगरपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारीहरु, शिक्षक तथा विद्यालय कर्मचारीहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु , कर्मचारीहरु तथा प्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्ध राख्ने कुनैपनि स्वयम्सेवक/सहजकर्ता/श्रोत व्यक्ति/अनुसन्धानकर्ता/परामर्शदाता/विषय विशेषज्ञ/सर्वेक्षक/व्यवसायी लगायत सवै सम्बन्धितहरुले बालबालिका उपर यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको , उनिहरु माथि शोषण गरेको , हिंसा गरेको वा उनिहरु प्रति वेवास्ता गरेको कुरा कुनैपनि श्रोतबाट जानकारी भएमा उक्त जानकारी उपर छेडागाड नगरपालिकाको न्यायिक समितिबाट तत्काल अनुसन्धान शुरु गरिनेछ ।

**१५.२.** अनुसन्धान पश्चात घटनाको प्रकृति हेरेर सामान्य ( सामान्य कुटपीट, गाली गलौज, भेदभाव) अवस्था भएको खण्डमा न्यायिक समिति मार्फत सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई सचेत हुनका लागि लिखित रुपमै चेतावनी पत्र दिइनेछ ।

**१५.३.** तर अनुसन्धान पश्चात सम्बन्धित आरोपित पदाधिकारी वा कर्मचारी ( बालक वा बालिका उपर यौन दुर्व्यवहार , शोषण , हिंसाजन्य कृयाकलाप गरेको र गैरकानुनी कृयाकलापमा बालबालिकालाई संलग्न गराएको) दोषी प्रमाणित भएको खण्डमा उनि बहाल रहेको पदबाट निलम्बन गरिनेछ र कानुनी कार्बाहीका लागि न्यायिक समिति स्वयम्ले आवश्यक प्रकिया अघि बढाउनेछ ।

**१६. यौनजन्य वा अन्य दुर्व्यवहारका घटनाहरुबारे सुनुवाई हुने प्रक्रिया :**

**१६.१.** वडाका पदाधिकारीहरु, कर्मचारीहरु, विद्यालयका शिक्षक तथा कर्मचारी , विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, सामाजिक कार्यकता , सम्बन्धित वडामा कृयाशिल सामाजिक संघसंस्थाका पदाधिकारी वा प्रतिनिधि, श्रोतव्यक्ति वा विषय विशेषज्ञ ,अनुसन्धानकर्ता , सर्वेक्षक, सहजकर्ता , स्वयम्सेवकले कुनैपनि बालक वा बालिका माथि यौन दुर्व्यवहार वा अन्य किसिमको दुर्व्यवहार, शोषण , हिंसा , विभेद गरेको अवस्थामा सम्बन्धित वडा अध्यक्षलाई लिखित वा मौखिक जानकारी गराउनुपर्नेछ ।

**१६.२.** वडा अध्यक्ष स्वयमले कुनैपनि बालक वा बालिका माथि यौन दुर्व्यवहार वा अन्य किसिमको दुर्व्यवहार, शोषण , हिंसा , विभेद गरेको अवस्थामा नगरपालिकाको न्यायिक समिति संयोजकलाई लिखित वा मौखिक जानकारी गराउनुपर्नेछ ।

**१६.३.** नगरपालिकाको न्यायिक समितिको संयोजकले कुनैपनि बालक वा बालिका माथि यौन दुर्व्यवहार वा अन्य किसिमको दुर्व्यवहार, शोषण , हिंसा , विभेद गरेको अवस्थामा नगरपालिका प्रमुखलाई लिखित वा मौखिक जानकरी गराउनुपर्नेछ ।

**१६.४.** नगरपालिका प्रमुखले समेत यौन दुर्व्यवहार वा अन्य किसिमको दुर्व्यवहार, शोषण , हिंसा , विभेद गरेको अवस्थामा नगरपालिकाका जोकसैलाई पनि लिखित वा मौखिक जानकारी गराउनुपर्नेछ र त्यसपछिको निर्णायक सम्बन्धित नगर कार्यपालिकाको वैठक बन्नेछ र उक्त बैठकले गरेको निर्णय अनुसार आवश्यक कार्बाही प्रक्रिया अगाडि बढाइनेछ ।

**१६.५.** वडा अध्यक्षहरु , नगरपालिका उपप्रमुख र नगरपालिका प्रमुखलाई सोभ्कै भेटेर , फोन मार्फत , मोबाईल एस.एम.एस मार्फत, चिठि मार्फत वा इमेल मार्फत बालबालिका माथि गरिएका यस्ता यौन दुर्व्यवहार वा अन्य किसिमको दुर्व्यवहार, शोषण , हिंसा , विभेदका घटनाहरुको जानकारी गराउन सकिन्छ ।

**(यी सुचना उपलब्ध गराउने सुचनाका श्रोतहरु गोप्य राखिनेछ ।)**

**१७. नगरपालिकाका पदाधिकारी, कर्मचारी र सामाजिक कार्यकर्ता वा नगरपालिकासंग सम्बन्ध राख्ने जोकोही बाट बालबालिकामाथि यौन दुर्व्यवहार,शोषण, हिंसा भएमा नगरपालिका मार्फत गरिने कारबाहीको प्रकृति :**

१७.१. दोषी व्यक्ति वडा कार्यालय, वा नगरपालिकाका पदाधिकारीहरू वा कर्मचारीहरू र बालअधिकारको क्षेत्रमा क्रियाशील सरकारी तथा गैहसरकारी निकायका कार्यकर्ताहरू भएमा दुर्व्यवहारको प्रकृति र गम्भीरता हेरेर निज दोषीलाई पदीय जिम्मेवारीवाट बरखास्तसम्म गर्न सकिनेछ ।

**१७.२.** दोषी व्यक्ति नगरपालिकाको पदाधिकारी तथा वडा कार्यालयका सदस्यहरू भएमा नगरपालिकाको बैठक बोलाएर निजलाई स्पष्टीकरण सोधिने छ र कानुनी कारबाहीका लागि नगरपालिका स्वयंले प्रक्रिया अगाडि बढाउने छ ।

**१७.३.** माथि उल्लेखित दुवै प्रकृतिका व्यक्तिहरूलाई देशको प्रचलित कानुन बमोजिम कारबाही अगाडि बढाइने छ ।

**१७.४.** नगरपालिकामा काम गर्ने सरकारी तथा गैह्रसरकारी निकायका कर्मचारीको हकमा सम्बन्धित व्यक्तिका बारेमा स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्मका सम्पर्कमा रहेका सबै सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरूलाई लिखित वा मौखिक जानकारी गराइनेछ ।

**१७.५.** माथि उल्लेख गरिएका सबै प्रक्रिया पूरा गर्दा बालबालिकाहरूको गोपनियताको अधिकार र पुनः दुर्व्यवहारको सम्भावनालाई ध्यान दिएर गरिनेछ । अर्थात् कुनै पनि प्रक्रियालाई कार्यान्वयन गर्दा बालबालिकाहरूलाई अप्ठेरो हुने, असहज हुने र उनीहरूको मान हानि हुने गरी कुनै पनि क्रियाकलाप वा व्यवहार गरिने छैन र उनीहरूको इच्छा विपरीत कुनै पनि सूचना बाहिर प्रकाशन गर्ने, सञ्चारमा ल्याउने वा कुनै पनि स्रोतलाई जानकारी उपलब्ध गराउने काम गरिनेछैन ।

**१८. छेडागाड नगरपालिका भित्र बालयौन दुर्व्यवहार वा अन्य खाले दुर्व्यवहारको घटना भएमा**

दुर्व्यवहारबाट प्रभावित बालक अथवा बालिकाले आफैं सूचना दिन चाहेमा अथवा बालक्लब, विद्यालय बालसंरक्षण समिति, वडा बालसंरक्षण समिति, नगर बालसंरक्षण समिति, युवा समूह वा सञ्जाल, अभिभावक वा समुदायका कुनै पनि व्यक्ति वा संरचनाले सूचना दिन चाहेमा :

१८.१. सोझै वडा कार्यालय वा नगरपालिकाको कार्यालय वा न्यायिक समितिमा जानकारी दिन सक्नेछन् । यसका लागि उनीहरूले आफूहरूलाई सजिलो लाग्ने सञ्चारको माध्यम प्रयोग गर्न सक्नेछन् ।

१८.२. नगरपालिकाका पदाधिकारी, कर्मचारीहरू तथा अन्य सरकारी तथा गैह्रसरकारी निकायका कर्मचारीहरूले पदाधिकारीहरूले बालदुर्व्यवहारको घटना बारे जानकारी पाए पछि तत्काल नगरपालिका प्रमुखलाई जानकारी गराउने छन्,

१८.३. नगरपालिकाका न्यायिक समितिका संयोजक एवं नगरपालिका उपप्रमुखले सामुदायिक संरचनाहरूसँगको सहयोगमा घटनाको छानबिन गरी आवश्यक कारबाहीका लागि प्रक्रिया अगाडि बढाउनेछन् ।

१८.४. समुदायको व्यक्ति बालदुर्व्यवहारमा संलग्न भएको अवस्थामा वडा तथा नगरपालिकाले यस बालसंरक्षण नीतिको प्रयोग गरी उपयुक्त कारबाहीको प्रक्रिया अगाडि बढाउने छ ।

१८.५. घटना र उक्त घटनामा संलग्न व्यक्ति दोषी ठहर भइसकेपछि नगरपालिकाले बालबालिकाहरूको उच्चतम हितलाई सर्वोपरी ठानी यस बाल संरक्षण नीति बमोजिम उपयुक्त कारबाही प्रक्रिया अगाडि बढाउने छ र प्रभावित बालबालिकाहरूको कानुनी तथा सामाजिक न्यायका लागि सहयोग गर्नेछ ।

**१९. गोपनियता :**

यस नीति अर्न्तगत गरिने कुनैपनि व्यवहार वा कार्बाही प्रक्रियामा बालबालिकाको गोपनियताको अधिकारलाई अनिर्वाय सम्मान गरिनुपर्दछ । यदि गोपनियता कायम गर्न सकिएन भने त्यसले उल्टै बालबालिकाहरुलाई नै नकरात्मक प्रभाव पर्न सक्छ र थप जोखिमतिर धकेल्न सक्ने संभावना रहन्छ । तर्सथ , यससंग सम्बन्धित सबै पदाधिकारी तथा कर्मचारीहरुले सम्बन्धित बालबालिका र व्यक्तिहरुको सुचनाको रक्षा गर्ने कुरामा अत्याधिक सावधानी अपनाउनुपर्छ र त्यस्ता सुचना यस नीतिमा वर्णन गरिएको प्रतिवेदन प्रकृयाअनुसार यसबारे जानकारी जस जसले पाउनैपर्ने हो ति व्यक्ति तथा निकायलाई मात्र उपलब्ध गराउनुपर्दछ ।

२०.**नगर बालसंरक्षण नीति कार्यान्वयनको लागि समन्वय तथा सहकार्य, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः**

**२०.१. समन्वय तथा सहकार्यः** छेडागाड नगरपालिकाकाले आवधिक र वार्षिक कार्यक्रम तर्जुमा प्रक्रियामा सामाजिक विकास समिति अर्न्तगतका सबै शाखाहरु , उपशाखाहरु र इकाईहरु बीच आवश्यक समन्वय गर्नुपर्नेछ । यसका लागि विशेष कार्यक्रम तर्जुमा र प्रभावकारी कार्यान्वयनका लागि विकासका साझेदार संस्थाहरुसंग पनि समन्वय र सहकार्य गर्नु पर्नेछ । यसका साथै विभिन्न राजनीतिक दलहरु , बालबालिकासंग सरोकार राख्ने स्थायिन अगुवा व्यक्तिहरु, संस्थाहरु,समितिहरु , निकायहरू, बाल क्लब तथा संजाल , बाल सल्लाहकार समिति आदिसँग यस बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि समन्वय गर्नुपर्नेछ ।

**२०.२. अनुगमन तथा मूल्याङ्कनः** नगरपालिका तहमा छेडागाड नगरपालिकाले यस नीतिको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्नेछ ।

**२०.३. केन्द्रीय वा प्रदेशस्तरीय नीतिमा समाहित हुने**

संघीय सरकार वा प्रदेश सरकारबाट केन्द्रीय वा प्रदेशस्तरीय बालसंरक्षण नीति जारी भएमा यस छेडागाड नगरपालिकाको बालसंरक्षण नीति २०७६ सोही नीतिमा समाहित हुनेछ वा सो अनुसार यो नीति परिमार्जन गरिनेछ ।

आज्ञाले
झलक के सी
नि प्रमुख प्रशासकयि अधिकृत